बैठक संख्या - ०१ (आ.व. २०८०/८१)

बैठक सञ्चालन मिति २०८०/०४/१७ गते बिहान : ७.३० बजे।

निर्णय नं. १

यस नगरपालिकाको तेह्रौं नगरसभा अधिवेशनको निर्णय नं. ७ बमोजिम नगरसभा नबसेको समयमा नगरसभाले गर्नुपर्ने कार्यहरुका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय भएकोले आर्थिक वर्षको अन्त्यमा अनुमान गरे भन्दा बढी बैङ्क मौज्दात रहेको हुँदा सो बैङ्क मौज्दात रकमलाई देहाय बमोजिमका नयाँ तथा नगरसभाले पारित गरेका योजनामा थप रकम बिनियोजन गरी खरिद प्रकृया अगाडि बढाउने निर्णय गरियो।

१. वडा नं. १३ गवै देखी नयाँपुल हुँदै वडा नं. ५ सम्म नाला सहीत बाटो निर्माण रु. ५०,००,०००।–

२. वडा नं. ४ को वडा कार्यालय देखी शिवालय चोक आउने बाटो नाला सहीत स्तरोन्नतीको लागि रु. ५०,००,०००।–

३. खैरहनी चोकदेखि वडा नं. १२ को सडकमा ढल सहित बाटो निर्माण कार्यको निरन्तरतामा थप रु. १,५०,००,०००।–

४. पर्साचोक, लालटिन बजार, सुल्तना हुँदै ढुङग्रे खोला पुलसम्म जाने सडक निर्माण निरन्तरतामा थप रु. १,००,००,०००।–

५. पुरानो पर्सा स्वर्णतारा ल्कब देखी नगरपालिका चोक हुँदै खैरहनी चोक जाने बाटो नाला तथा स्तरोन्नती रु.२,००,००,०००।–

६. विभिन्न खोलामा तटबन्धनको लागि रु.७०,००,०००।–

७. वडा नं. १३ गवै चोकको कल्भर्ट निर्माण तथा नाला निर्माण रु.२५,००,०००।–

८. वडा नं. ३ कृष्ण रेग्मीको घरदेखी डाँडा गाउँ जाने बाटो रु.२५,००,०००।–

९. वडा नं. १ र २ को विभिन्न सडक कालोपत्रे गर्नको लागि जिम्मा लिएको एस एस पी कन्स्ट्रक्सनले निर्माण कार्य छाडेको ठेक्का नं. 004/MF/CHT-Kmun/NCB/2077-078 का देहाय बमोजिमका सडक कालोपत्रे कार्य रु.५०,००,०००।–

वडा नं. १ अन्तरगतका बाटोहरु

क. झलक रिजालको घरदेखी अप्सराको घरसम्मको बाटो कालोपत्रे

ख. लोहनीको घरदेखी ईटनीको घरसम्म बाटो कालोपत्रे

ग. धर्मराज चौधरीको घरदेखी बहेरा गाउँ जोडने बाँकी बाटो कालोपत्रे

घ. कंकाली मा.वि. देखी शिवलाल अधिकारीको घरसम्म बाटो कालोपत्रे

ङ. गणेशचोक देखि प्रकाशको घरसम्म कालोपत्रे ओभरल्याप

च. कँडेलको घर देखि श्रीराम उप्रेतीको घरसम्म कालोपत्रे

छ. तरकारी चोक दुर्गा मन्दिर देखि दिपक रिजालको घरसम्म कालोपत्रे

ज. कृष्ण सापकोटाको घरदेखि प्याकुरेलको घरसम्म कालोपत्रे

झ. ज्यामिरे चोकदेखि बुद्धिराज डल्लाकोटीको घरसम्म ओभरल्याप

**वडा नं. २ अन्तरगतका बाटोहरु**

क. अभिसेक ठकुरीको घरदेखि नमूना गाउँ पिचबाटो

ख. खनाल चोकदेखि शैलेन्द्र कंडेलको घर जाने बाटो निरन्तरता

ग. ज्योति रावलको घरदेखि खानेपानि ट्याङ्की जाने बाटो पिच

घ. धनराज सुयालको घरदेखि चिउरी घोलसम्म अधुरो बाटो कालोपत्रे

ङ. लक्ष्मी बिसुरालको घरदेखि बिरबहादुर बानियाको घरसम्म कालोपत्रे

निर्णय नं. २

नगर कार्यपालिकाको कार्यालयबाट ड्राफ्ट तयार गरि विधयेक समितिमा छलफल गरि पारितको लागि पेश भएका देहाय बमोजिमका कार्यविधिहरुलाई  दफावार छलफल गरी  संशोधन गर्ने निर्णय गरियो।

- युवा स्वयंसेवक शिक्षक व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि २०७६
- विपन्न परिवार तथा लक्षित समूह स्वास्थ्य बिमा कार्यक्रम ( पहिलो संशोधन) कार्यविधि २०७९
- खैरहनी नगरपालिका मेलमिलाप कार्यसञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०७८
- बिपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रम संचालन ( पहिलो संशोधन) कार्यविधि २०७९
- प्रमुखसंग कृषि कार्यक्रम संचालन ( पहिलो संशोधन) कार्यविधि २०७९
- भवन नियमीत गर्ने सम्बन्धी ( पहिलो संशोधन) कार्यविधि – २०७५

निर्णय नं. ३

यस नगरपालिकामा आर्थिक वर्ष २०७९/८० मा कुल शिर्षकगत भएका आम्दानी तथा खर्चको बारेमा नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक प्रतिवेदन पेश भई अनुमोदन गर्ने निर्णय गरियो।